राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक

# Rastriya Banijya Bank Limited

## मोवाइल बैंकिङ्ग दर्ता फाराम

## MOBILE BANKING REGISTRATION FORM

मिति (Date): ............................

श्रीमान् प्रबन्धक ज्यू (The Manager)
राष्ट्रिय वाणिज्य बैंक लि. (Rastriya Banijya Bank Limited)
____________________ शाखा (Branch)

म/हामी यस बैंकको मोबाइल बैंकिङ्ग सेवा लिनका लागि तपसिल बमोजिम खाता नं र मोबाइल नं. साथ पेश गरेको छु/छौं । (I/We hereby request RASTRIYA BANIJYA BANK to register my/our account and mobile numbers mentioned below for Mobile Banking facility.)

### व्यक्तिगत विवरण (Personal Information)

निवेदकको नाम Applicant's Name) - English : ____________________

ठेगाना (Address) : ____________________

मोबाइल नं. (Mobile No.) : | | | | | | | | | | | ईमेल (Email): ____________________

### बैंक खाताको विवरण (Account Details)

खाता नं. (Account No.): | | | | | | | | | | | | |

अन्य खाताको जानकारी, यदि उक्त खातामा प्रेशित सेवा प्रयोग भएमा (Details of other accounts, if the service is intended for other accounts as well)

1. खाता नं. (Account No.): | | | | | | | | | | | | |

2. खाता नं. (Account No.): | | | | | | | | | | | | |

कृपया आफ्नो आवश्यकता अनुसार मोवाईल बैंकिङ्ग सेवा सुविधा छनोट गर्नुहोस । (Please select Mobile Banking features you desire to register and cross the not desired one)

☐ कारोबार जानकारी (Transaction Alerts)

☐ मौज्दात जानकारी तथा अनुरोध [Inquiry (Balance, Mini Statement), Request (cheque book, statement, stop cheque)]

☐ विद्युतिय बिल भुक्तानी तथा रकमान्तर कारोबार [Financial transation (Utility bill payments, Topups/Recharge, Merchant Payments, Fund Transfer to accouts (predefined or any) within the bank/Inter member bank and more)]

मैले यस फारामको पछाडीपट्टी उल्लेख भएका शर्त तथा बन्देजहरु अध्ययन गरी स्वीकार गर्दछु । (I have read and understood the terms and conditions listed back and agree to abide them.)

____________________
खातावालाको दस्तखत
Signature of the Account Holder(s)

### बैंक प्रयोजनको लागि मात्र (FOR BANK'S USE ONLY)

निवेदन प्राप्त भएको मितिः ____________________ स्वीकृत गर्नेः ____________________ कर्मचारी नं.: ____________________
Application received on (Date) Approved by Emp. ID

प्रविष्ट गर्नेः ____________________ कर्मचारी नं.: ____________________ मितिः ____________________

# शर्त तथा बन्देजहरु

परिभाषा: यी नियम तथा शर्तहरुमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा निम्न शब्दहरुको निम्न अर्थ हुनेछ ।
"बैंक" भन्नाले "राष्ट्रिय वाणिज्य बैंक लि." सम्झनु पर्दछ ।
"उपयोगकर्ता" भन्नाले बैंकको कुनै शाखामा खाता रहेको र मोबाईल बैंकिङ्ग प्रणालीमा पहुँच भएको ग्राहक सम्झनु पर्दछ ।
"ग्राहक" भन्नाले बैंकको कुनै शाखामा खाता रहेको ग्राहक सम्झनु पर्दछ ।

१. बैंकले उपलब्ध गराउने सेवाको क्षेत्र र प्रकार समय समयमा निर्धारण तथा परिवर्तन गर्ने र कुनै पनि बखत सेवा बढाउने वा घटाउने अधिकार बैंकमा सुरक्षित रहनेछ ।

२. ग्राहकले आफै वा जानाजान अर्को कुनै व्यक्तिलाई यो सेवाको उपयोग कुनै गैरकानुनी उद्देश्य वा क्रियाकलापको लागि गर्न दिन पाउने छैन । ग्राहकले त्यस्तो प्रयोग भएको थाहा पाएमा बैंकलाई तुरुन्त सूचित गर्नु पर्नेछ । तेस्रो पक्षले गरेको कुनै पनि कारोबारको लागी बैंक उत्तरदायी हुने छैन ।

३. ईन्टरनेट/मोबाईलको माध्यमबाट हुने सुचना, संचार र निर्देशनमा बिलम्ब हुन सक्दछ भन्ने कुराको जानकारी ग्राहकलाई छ र सो को लागि बैंक उत्तरदायी हुने छैन ।

४. ग्राहकले सद्भावपूर्वक कार्य गर्नु पर्नेछ र अत्यन्त सावधानीपूर्वक उपयोगकर्ताको नाम र पासवर्डलाई सुरक्षित (गोपनिय) राख्नु पर्नेछ । ग्राहकले आफ्नो (उपयोगकर्ताको) नाम र पासवोर्ड अरु कुनै व्यक्तिलाई कुनै पनि अवस्थामा दिन पाउने छैन र सो गरेको कारणले हुन गएको कुनै पनि वित्तिय कारोवार अथवा नोक्सानीको लागी बैंक उत्तरदायी हुने छैन ।

५. कुनै दुर्घटना वा लापरवाही वा अनाधिकृत तवरबाट उपयोगकर्ताको नाम र पासवर्ड/MPIN कुनै व्यक्तिलाई खुलासा हुन गएमा ग्रहक स्वयम् त्यसको जिम्मेवार हुनेछ र त्यस्तो अनाधिकृत व्यक्तिबाट उपयोगकर्ताको नाम र पासवर्ड प्रयोग भएबाट वा अनाधिकृत प्रयोग वा कारोवार भएबाट हुने जोखिम (नोक्सान) को जिम्मेवार ग्राहक स्वयंम हुनेछ ।

६. उपयोगकर्ता नाम र पासवर्डका साथ सेवाका सम्बन्धमा कुनै पनि निर्देशन बैंकको सहमति बिना बदर हुने छैन । बैंकले सद्भावका साथ दिएको त्यस्ता सबै निर्देशनहरु अपरिवर्तनिय हुनेछ ।

७. दिइएको कुनै पनि निर्देशन बैंकलाई उचित र व्यावहारीक तथा आफ्नो नियमित व्यापारीक कारोवार र प्रक्रिया अनुरुप भएको लागेमा मात्र बैंकले तद्‌अनुसार कार्य गर्ने छ ।

८. बैंकले निर्देशन पाएको र कारोबार भएको बारेमा अनलाईन (online-electronic) माध्यमबाटै जानकारी पुष्टि गर्नेछ । दिइएको जानकारी वा पुष्टि बैंकले पठाउन साथ ग्राहकले तुरन्तै प्राप्त गरेको मानिनेछ र सोको जाँच आफै गर्नु ग्राहकको कर्तव्य हुनेछ । दिइनुपर्ने जानकारी वा पुष्टयाई प्राप्त हुने मनासिव समय भित्र प्राप्त नभए निर्धारित समयमा नपाएमा ग्राहकले सोको जानकारी आफै बैंकबाट लिनु ग्राहकको कर्तब्य हुनेछ ।

९. इन्टरनेट साइट/sms/रसिदमा उपलब्ध गराइएका कुनै पनि खाता र कारोवार सम्बन्धित सुचना सन्दर्भको लागि मात्रै हो । अन्यथा प्रमाणित नभएसम्म बैंकको अभिलेखमा भएको खाता र कारोवारको विवरण नै अन्तिम निर्णायक र मान्य हुनेछ ।

१०. बैंक कुनै पनि मोबाईल/कम्प्युटर/साइबर अपराधहरु (Hacking) आदि भएमा जिम्मेवार हुने छैन र कुनै पनि अनाधिकृत कारोवार वा अवैध अथवा जालसाजीपूर्वक गरिएको कारोवारमा उत्तरदायी हुनेछैन ।

११. बैंकले सेवाको उपयोग वा अन्यको लागि शुल्क लगाउन तथा कुनै पनि समयमा ग्राहकलाई पूर्व सुचना दिई वा नदिई त्यस्तो शुल्क थपघट गर्न अख्तियार प्राप्त हुनेछ ।

१२. ग्राहक बैंकलाई बैंकको आन्तरिक प्रयोजनको लागी गोपनियता कायम गर्दै ग्राहकको जानकारी खाता संचालन र कारोबार सम्बन्धी जानकारी प्राप्त गर्न वा उपयोग गर्न यसैबाट अधिकार प्रदान गर्दछ । त्यस्तो जानकारी बैंकले आवश्यक परेमा आफ्नो तेस्रो पक्ष एजेन्ट अथवा अन्य कुनै व्यक्ति/संस्थालाई प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि उपलब्ध गराउन सक्नेछ ।

१३. बैंकले कुनै पनि समय सुचना अथवा कारण नदिई ग्राहकलाई दिइरहेको सबै वा कुनै सेवाको उपयोग निलम्वन गर्ने अथवा अन्त्य गर्न सक्नेछ ।

१४. ग्राहकले बैंकलाई १ दिनको पूर्व सुचना दिई सेवाको उपयोग अन्त्य गर्न सक्नेछ ।

१५. तल उल्लेखित अबस्थामा बैंकले तत्काल सेवा स्वतः अन्त्य भएको मानिने छः

(क) सम्बन्धित खाता बन्द भएमा (ख) उपयोगकर्ताको मृत्यु भएमा (ग) सम्बन्धित खाता संचालन गर्ने उपयोगकर्ताको अख्तियारी समाप्त भएमा ।
(घ) उपयोगकर्ता बैंकको ग्राहक नरहेमा (ङ) ग्राहकले सुविधा बन्द गर्ने अनुरोध गरेमा
(च) ग्राहक कालो सुचिमा परेमा वा अन्य त्यस्तै दायित्व पुरा गर्न नसकेमा ।
(छ) ग्राहक/उपयोगकर्ताले खातामा समय समयमा तोकिए बमोजिम न्युनतम मौज्दात राख्न नसकेमा

१६. बैंकले यी नियम तथा शर्तहरु कुनै पनि समयमा ग्राहकलाई सुचना दिई वा नदिई संशोधन गर्न वा थप नियम तथा शर्तहरु थप्न सक्नेछ, र त्यस्तो परिवर्तन लागु हुने समय पश्चात पनि ग्राहकले सेवा प्राप्त वा प्रयोग गरिरहेमा ती संशोधित तथा थपिएका नियम तथा शर्तहरु ग्राहकलाई बन्धनकारी हुनेछ ।

१७. बैंकले ग्राहकलाई व्यक्तिगत रुपमा, हुलाकबाट, फ्याक्सबाट, टेलेक्सबाट, SMS,वा ईमेलबाट ग्राहकको बैकसँग रहेको अन्तिम ठेगाना/मोबाईल नम्बरमा पठाइएको कुनै पनि संचार ग्राहकले तत्काल प्राप्त भएको मानिनेछ ।

१८. यी नियम तथा शर्तहरुका प्रावधान एक अर्कासँग स्वतन्त्र एवं भिन्न छन् र कुनै पनि समयमा यी नियम तथा शर्तहरु मध्ये कुनै गैरकानूनी, अमान्य वा अपरिवर्तनिय हुन गएमा बाँकीका नियम तथा शर्तहरुको कानुनी मान्यता, वैधता र प्रवर्तनित प्रभावित हुनेछैन ।

१९. यस सेवासित सम्बन्धित खाता संयुक्त प्रकृतिको रहेको अवस्थामा यस नियम तथा शर्तमा उल्लेखित ग्राहक भन्ने शब्दावलिले सबै संयुक्त खातावालालाई जनाउनेछ ।

२०. विषय वा प्रसंगले अन्य अर्थ नलागेमा, व्यक्ति भन्नाले व्यक्ति, फर्म, कम्पनी, संस्थान, तथा असंस्थापित व्यक्तिहरुको समुह समेतलाई जनाउनेछ । यी नियम र शर्तहरु सम्बन्धित कानुन, सरकारी निकाय वा नेपाल राष्ट्र बैकद्वारा जारी निर्देशन संशोधित भएमा स्वत संशोधन भएको मानिनेछ ।

२१. यी नियम तथा शर्तहरु नेपाल कानुनबाट प्रशासित हुनेछन् र बैंक तथा ग्राहकले नेपाल अदालतको क्षेत्रअधिकार स्वीकार गर्दछ ।

२२. मोबाईल बैंकिङ पासवर्ड बनाउँदा र ग्राहकलाई हस्तान्तरण गर्दा निम्न व्यवस्थाहरुको पालना गरीनेछः

(क) ग्राहकलाई २ वटा पासवर्डहरु (प्रवेश र कारोबारका लागी) ग्राहकको हस्ताक्षर पुष्टि गरी मात्र दिईनेछ ।

(ख) जटिल पासवर्ड नीति लागु गरिनेछ । जटिल पासवर्ड भन्नाले:

i. पासवर्ड अक्षर, विशेष चिन्ह र अंक सामेल हुनेछन्
ii. GPRS Login पासवर्ड 7 Character (3 Alphabet र 4 Number) को हुनु पर्नेछ ।
iii. प्रयोगकर्ताको नाम पासवर्डमा सामेल गर्न पाईने छैन ।
iv. GPRS Login र कारोबार (Transaction) पासवर्ड फरक फरक हुनुपर्नेछ ।
v. तत्काल अघि प्रयोग गरिएका २ पासवर्ड SMS बाट प्राप्त २ नयाँ पासवर्डका रुपमा राख्न पाइने छैन ।
vi. पासवर्डको अवधि ९० दिनको हुनेछ, तत्पश्चात उपयोगकर्ताले पासवर्ड परिवर्तन गर्नु पर्नेछ ।

२३. प्रयोगकर्ताले सेवा प्रयोग गर्नु अघि बैंकको आधिकारीकताको पुष्टी गरी मात्र प्रयोग गर्नु पर्नेछ ।

२४. मोबाईल बैंकिग सेवामा निम्न व्यवस्थाहरुको पालना गर्नु पर्नेछ ।

(क) मोबाईल बैंकिगको MPIN ग्राहकको हस्ताक्षर पुष्टिगरी मात्र दिइनेछ । (ख) ग्राहकले PIN प्रथम पटक प्रयोग गर्नु अघि MPIN परिवर्तन गर्नु पर्नेछ ।

२५. ग्राहकले आफ्नो सबै गुनासा र सिकायतहरु बैंकको ग्राहक सेवा विभागमा जानकारी गराउनु पर्नेछ । ग्राहक सेवा विभागले स्थिती अनुसार गुनासा र सिकायतहरु उपर छानबिन गरी समाधान गर्ने माथिल्लो निकायमा पठाउने छ । सबै विवादहरु बैंकको निति अनुसार समाधान गरिने छ । बैंकको निर्णय अन्तिम हुनेछ ।

२६. मोबाईल बैंकिङ्ग सेवा ६ महिनासम्म प्रयोगमा नआएमा स्वतः खारेज हुनसक्नेछ । त्यस्तो सेवा पुनः प्रयोग गर्नु परेमा ग्राहकले लिखित निवेदन दिनुपर्नेछ ।

२७. यस सम्झौतामा उल्लेखित सेवासँग सम्बन्धित बैंक वा अन्य तेस्रो पक्ष सेवाप्रदायकको कुनै यन्त्र, उपकरण, प्रणालि, मानव संशाधन वा अन्य कुनैपनि प्रकारको सहयोगि सुबिधाको बिफलता वा भंगीकरणको कारण ग्राहक वा उपयोगकर्तालाई पुगेको नोक्सानी वा क्षति वा त्यस्तो बिफलता भंगीकरण वा न्यूनिकरणको कारण सेवा अवरुद्ध भएमा वा न्यूनिकरण भएमा समेत बैंक उत्तरदायी हुने छैन ।

२८. बैंकले सेवा प्रयोग सम्बन्धमा दिइएका निर्देशन बमोजिम कार्य गरेको वा गर्न छुटाएको वा इन्कार गरेको कारणबाट बैंकले ब्यहोर्नुपर्ने, बहन गर्नु पर्ने, भोग्नुपर्ने सबै कारबाही, दावी, मुद्दा, नोक्सानी, क्षति, लागत, दस्तुर र खर्च लगायत सबै कुराबाट बैंकलाई सुरक्षित, खतरामुक्त र उन्मुक्त गर्न ग्राहक मन्जुर गर्दछ । तेस्रो पक्ष प्रदायकको असफलता वा कमी कमजोरीका कारण सेवा प्रदानमा हुन गएको ढिलाइ वा सेवा प्रदान गर्न नसकेको कारण ग्राहकलाई पुगेको हानी नोक्सानीबाट समेत बैंकलाई उन्मुक्त गर्न ग्राहक मन्जुर गर्दछ ।